नेपाल सरकार

अर्थ मन्त्रालय, सिंहदरवार

# चमेनागृह संचालन गर्ने सिलवन्दी दरभाउ-पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७२/४/२०**

आर्थिक वर्ष २०७२।७३ का लागि अर्थ मन्त्रालयमा कार्यरत कर्मचारीहरुलाई स्वस्छ, स्वस्थकर, सफा, शुद्ध, तथा गुणस्तरयुक्त सफा खाना, खाजाहरु उपलव्ध गराउन मन्त्रालयको परिसरमा चमेनागृह संचालन गर्नु पर्ने भएकोले मू.अ.क.मा दर्ता भएका अनुभवी इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयसम्म सिलवन्दी दरभाउ-पत्र प्रस्ताव पेश गर्न आह्वान गरिएको छ । उक्त दरभाउ पत्र प्रस्ताव १६ औ दिन दिनको २:०० वजे यस मन्त्रालयमा खोलिने छ । सो दिन सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट सोही समय र स्थानमा खोलिने छ । सिलवन्दी दरभाउ-पत्र फारम यस मन्त्रालयको आर्थिक प्रशासन शाखामा रु. ३००/ नगद वुझाई स्टोरबाट खरिद गर्न सकिने छ । सिलवन्दी दरभाउ-पत्र पेश गर्दा रु. ५००००/(रु. पचास हजार) धरौटी रकम सिंहदरवार स्थित को.ले.नि.का.केन्द्र ४ को धरौटी खाता नं. १३५००१/०७२ मा जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्ने छ । सिलवन्दी दरभाउ-पत्र प्रस्ताव पेश गर्दा फर्म दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, कार्य अनुभवको प्रमाण, पत्र आ.व. २०७०।७१ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा अन्य नियमानुसार आवश्यक कागजातको प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ । सिलवन्दी दरभाउ-पत्र प्रस्ताव स्वीकृत भए पछि सो फर्म वा संस्थाले थप रु.५००००/ (पचास हजार) धरौटी रकम यस मन्त्रालयको धरौटी खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्ने छ । सिलवन्दी दरभाउ-पत्र स्वीकृत भएको फर्म वा संस्थाले सिलवन्दी दरभाउ-पत्र फारममा उल्लेख भए अनुसारको सेवा उपलव्ध गराउनु पर्नेछ । उपरोक्त अनुसार नगरेमा धरौटी वापत राखेको रकम जफत गरिने छ । सिलवन्दी दरभाउ-पत्र फारम स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ । यो सूचना मन्त्रालयको Website www. mof.gov.np मा पनि उपलव्ध छ । अन्य केही वुझ्नु परेमा यस मन्त्रालयको स्टोर शाखा वा फोन नं.४२११३६१ मार्फत पनि जानकारी लिन सकिनेछ । अन्य विषयमा प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

नेपाल सरकार

**अर्थ मन्त्रालय, सिंहदरवार**

**(चमेनागृह संचालन सम्वन्धी दरभाउ-पत्र फाराम)**

मिति २०७२।४।२० गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार त्यस मन्त्रालयमा चमेना गृह संचालन गर्ने सम्वन्धमा रु. ५००००/(रुपैया पचास हजार) सिंहदरवार स्थित को.ले.नि.का. केन्द्र नं. ४ मा रहेको एभरेष्ट वैंकको धरौटी खाता नम्वर १३५००१/०७२ मा जम्मा गरेको सक्कल भौचर नं..................को/ यसै साथ संलग्न गरी नियमानुसार पेश गरेको छु ।

**सिलवन्दी कोटेशन दाताको**

नामः.........................

ठेगानाः.......................

टेलिफोनः...................

प्रतिनिधिको दस्तखतः.................

मिति.....................

फर्मको छाप

## शर्तहरु

१. चमेनागृह संचालन गर्ने फर्म वा संस्थाले मन्त्रालयको आवश्यकता अनुसार परिकार र सेवा उपलव्ध गराउनु पर्ने छ ।

२. चमेना गृहले उपलव्ध गराउने खाना तथा खाजाको विवरण सहितको दैनिक मूल्य सूचि सार्वजनिक रुपमा टाँस गर्नु पर्नेछ ।

३. मन्त्रालयको आवश्यकता अनुसार विहान, वेलुका, रात्री तथा विदाको दिनमा समेत सेवा प्रदान गर्नु पर्ने छ ।

४. चमेनागृह संचालकलाई यस मन्त्रालयको परिसरको दक्षिण तर्फ (साविक चमेनागृह रहेको स्थानमा) साधारण पानी र फर्निचर सुविधा उपलव्ध हुनेछ । तर विद्युतको हकमा सवमिटरमा उठेको रकम संचालकले स्वयंले व्यहोर्नु पर्नेछ ।

५. चमेना गृह संचालकले चमेनागृहमा काम गर्ने सवै कामदारहरुलाई अनिर्वाय रुपमा पोशाक
(Dress) को व्यवस्था गर्नु पर्नेछ ।

६. चमेनागृह संचालन गरे वापत मासिक रुपमा रु. १०००/ सेवा शुल्क वुझाउनु पर्नेछ ।

७. शुद्ध खानेपानीको व्यवस्था चमेनागृह संचालकले नै गर्नु पर्ने छ ।

८. चमेनागृह संचालकले गुणस्तरयुक्त, स्वास्थ्यकर खाना, खाजा, एवं सरसफाई खाद्य अनुसन्धान तथा गुण नियन्त्रण विभागको मापदण्ड अनिवार्य रुपले अवलम्वन गर्नु पर्ने छ ।

९. सिलवन्दी दरभाउ-पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ

१०. दरभाउ-पत्रमा उल्लेखित खाना तथा खाजा माग गर्दा उपलव्ध गराउनु पर्नेछ ।

११. अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुने छ ।